सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ८ ♦ २०८१ साल साउन १९ गते शनिवार ♦ 3 Aug 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## पटक पटक लाइन काटिएको विरोधमा वर्दिवासमा चक्काजाम



**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, बर्दिवास**

महोत्तरीमा बिधुत प्राधिकरणले बिना कुनै सूचना पटकपटक लाईन काटेपछि बर्दिवासका व्यापारीहरु आन्दोलित भएका छन् ।

पटकपटक लाईन काटने र लाईन दिएतापनि कम भोल्टेज दिदा व्यवसाय संचालनमा कठिनायी भएको भन्दै व्यापारीहरुले बर्दिवास चोकमा सडक अबरुद्ध गर्दै पुर्व-पश्चिम राजमार्ग १ घण्टा चक्काजाम गरेका हुन् । स्थानियको समेत सहभागीतामा भएको चक्काजाममा बिधुत प्राधिकरणले नियतवस लाईन अवरुद्ध बनाएपछि प्रारम्भिक चरणमा चक्काजाम गर्न बाध्य भएको व्यापारीहरुले वताए ।

व्यापारीहरुले शनिवार यो विषयमा उद्योग बाणिज्य संघ बर्दिवाससगँ पनि छलफल गर्ने भएका छन् । छलफलपछि उपयुक्त निष्कर्ष ननिक्लिएमा समस्या समाधान नभएसम्म चरणवद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने स्थानिय व्यवसायी विनोद भण्डारीले वताए ।

व्यापारीहरुको मागमा ऐक्यबद्धता जनाएको वताउदै उद्योग बाणिज्य संघ बर्दिवासका अध्यक्ष बिष्णु खडकाले यसको समाधानको लागि उपयुक्त पहल गर्ने प्रतिवद्धता जनाएका छन् ।

यता विद्युत प्राधिकरण औरही प्रशारणका कार्यालय प्रमुख जिवनाथ झाले हावाहुरीका विधुत अवरुद्ध भएको वताए । 'नियतवसः हामीले लाईन काटेका हैनौ । ढल्केवर प्रशारण लाईनवाट पुर्णरुपमा बिस्थापन गरेर औरही प्रशारणको लागि काम गरिरहेका छौ ।' प्रमुख झाले भने । 'हामी सर्वसाधारण र व्यापारीहरुको गुनासोमा गम्भिर छौ ।'

बिधुत प्राधिकरणका तर्फबाट कुनै लोडसेडिङ नभएको पनि उनले प्रष्ट पारे।

## सूचनाको हकले लोकतान्त्रिक विधिलाई बलियो बनाउँछ : सभामुख मण्डल

**विजयकुमार साह**

**साउन १८ गते, ढल्केवर**

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सूचनाको हकले लोकतान्त्रिक विधिलाई बलियो बनाउने बताउनुभएको छ ।

शुक्रबार धनुषाको लालगढमा राष्ट्रिय सूचना आयोगद्वारा आयोजित दुई दिने सुशासनका लागि सूचनाको हक विषयक मधेश प्रदेशस्तरी गोष्ठीको उद्घाटन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।



सभामुख मण्डले सूचनाको हकको प्रयोगले सुशासन र पारदर्शिता कायम गर्न योगदान दिन सक्ने उल्लेख गर्नुहुँदै यसले लोकतान्त्रिक विधिलाई बलियो बनाउने धारणा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "लोकतन्त्रमा सरकारी तथा सार्वजनिक निकायमा भएका हरेक गतिविधि जनताले थाहा पाउनुपर्छ । पारदर्शिता र जिम्मेवारी सुशासनका आधार हुन् । सुशासन बिना लोकतन्त्र बलियो हुन सक्दैन त्यसैले सार्वजनिक निकायलाई उत्तर दायी र जवाफदेखि बनाउन सूचनाको हकको अधिकतम उपयोग गर्नुपर्छ ।" सुशासन र पारदर्शिताका लागि सूचनाको हक अपरिहार्य भएको सभामुख मण्डलले बताउनुभयो ।

उहाँले सूचनाको हकको प्रयोगले मानिसलाई जिम्मेवारी पनि बनाउँछ बताउनुहुँदै भन्नुभयो, "सूचनाले मानिसलाई जिम्मेवार बनाउँछ । जसले सूचना माग्छ त्यसलाई जिम्मेवार बनाउँछ । जसले सूचना दिन्छ उसलाई पनि जिम्मेवार बनाउँछ । त्यसकारण मेरो बुझाइमा हामीले जति सूचना प्राप्त गर्न सक्छौँ त्यति धेरै सार्वजनिक निकायका काम पारदर्शी हुन्छ ।"

राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले नागरिकको हकअधिकार सुनिश्चित गर्न, सार्वजनिक निकायलाई उत्तरदायी र जबाफदेही बनाउन र सुशासन कायम राख्न सूचनाको हकको महत्वपूर्ण भूमिका भएको बताउनुभयो । सूचनाको हकको प्रयोगबाट भएका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाको प्रसङ्ग उल्लेख गर्नुहुँदै उहाँले नेपालमा सूचनाको हकसम्बन्धी व्यवस्थाको कार्यान्वयनको अवस्था, आयोगमा प्राप्त निवेदन उजुरी, पुनरावेदनको स्थिति, सूचना प्रवाह र सुशासनका लागि भएका कार्यबारे जानकारी गराउनुभयो ।

गोष्ठीमा मधेश सरकार शिक्षा तथा संस्कृति राज्यमन्त्री शारदा थापा, प्रदेश सभा सदस्य र आयोगका पदाधिकारीहरूको उपस्थिति रहेको छ ।



# शनिवारीय साहित्य


## जिवनको कठिन यात्रा



**अनुष्का साह**
मटिहानी -८
कक्षा-१०
(प्राविधिक धार तर्फ)
श्री राम मा.वि.मटिहानी-८

रातको छायाँमा, हामी जीवनको
शक्तिको धाराहरू विरुद्ध लड्छौं,
जुन आँधीबेरीसँग लड्छौं,
हरेक युगको युद्धमा ॥
हामी हाम्रो बाटोमा
आउने परीक्षाहरूलाई,
साहस र बलका साथ
सामना गर्छौं
दिन दिनै अन्धकार र
शंकाको बिचमा
हामी आशालाई पक्रिराखेका छौं,
कहिल्यै डराउने छैनौ ।
बाटो लामो छ, बाटो उकालो छ,
तर हाम्रा हृदयमा ज्वाला बलिरहेको छ,
अन्धकार रातमा हामीलाई
डोर्‍याउने ज्योति छ ।
त्यसोभए हामी उठौं, हृदयको बलले
प्रत्येक चुनौतीको सामना गर्दै,
असङ्ख्य तरिकाले यो जिवनको सङघर्षमा
हामी भित्रको शक्तिलाइ जीयाउँदै,
दिमागको शक्तिलाइ पाउँदै ।
यो यात्रा कठिन भए पनि हामी माथि उठनेछौं,
हामी पर्याप्त हुनेछौं, सबैलाइ जित्न, अग्लो र बलियो उभिन
जीवनको
सङघर्षमा हामी जहाँ छौं ।
तर रातिको छायामा, जिवनको मायामा,
हामीलाइ सबै कुराको आन्नद लिनुपर्छ ।

## गजल



**सुजन श्रेष्ठ**
गौशाला रामनगर
इटाटार १

नेता जी हरु को
मनोमानी हुन्छ
हाम्रो नेपालमा
कुर्सीको लागि
खिचातानी हुन्छ
हाम्रो नेपालमा।

लड्छन् यहाँ नेताहरु
आफ्नो दुनो सोझ्याउन
पदको लागि नै हानाहानी हुन्छ हाम्रो नेपालमा।

देशको बजेट सिद्धिन्छ नेताकै सेवा सुविधामा
युवाको हातमा राहादानी हुन्छ हाम्रो नेपालमा।

कुनै मुल्य छैन यहाँ जनताको शिप प्रश्रिमको
जनताको दुःख बर्षे पानी हुन्छ हाम्रो नेपालमा।

नेता जी मस्तले निदाउछन् सभाहलमा दिउसै
विकासमा चैं आँना कानी हुन्छ हाम्रो नेपालमा।

निर्धाहरु हेपिन्छन् हरदम टाँठा बाठाबाट यहाँ
बलियाको भने राजधानी हुन्छ हाम्रो नेपालमा।

कोही यहाँ रमाई रहन्छन् जिवनभर खुशी हुदै
कसैलाई दुःखको खानी हुन्छ हाम्रो नेपालमा।

कोही सुत्छन् सुनको पलङ्गमा मस्त निद्रामा
कसैको सडक नै शिरानी हुन्छ हाम्रो नेपालमा।

## गजल



**इन्दिरा बस्नेत**

हाम्रो मौलिक पहिचान
आ-आफनो संस्कार पनि हो
समयसँगै हुने
आवश्यकता नै आविष्कारको
जननी हो ।

भाषा-भाषीहरु फरक फरक
बहुभाषीक सस्कृतिहरुबाट
देशको अस्तित्वलाई जोगाउने
साझा अधिकार मननीय हो ।

हिमाल पहाड तराईका हामी सबै नागरिकले बुझ्नुपर्छ
नेपाली राष्ट्रियता जोगाउनु पर्ने हाम्रो सहृदयी बानी हो ।

जातीय लडाइँ सँगै धर्मको नाममा विकृति न रोपीकन
विविधतामा एकताको सम्बन्धबाटै आर्यघाट जानी हो।

## लैंगिक समानता तथा महिला हिंसा



**राजन दास**
बालसमता नेपाल
बालबालिका तथा
किशोरकिशोरी विभाग
केन्द्रिय कार्य समिति

समान भाव लिएर नारी पुरुष जुटौं
समानताको हक ल्याउन अब नछुटौं
लैङगिक समानता सबैको अधिकार
हिंसा हैन अब बराबर गरौं सम्मान

नारी पुरुष बराबर
सडकमा कति रटने
शोषण हिंसा बलात्कार
अब कहिले हटने
नारीलाई सम्मान गरे
घर स्वर्ग बन्छ
छोरी बुहारी एकै हुन
समाजले भन्छ

नारीको पहिचान हुन्न लगाउदैमा सारी
काँधमा बोकेर हिडेका छन् लाखौं जिम्मेवारी
नारीलाई किन हो यति कमजोर ठानेको
देख्दैनन् यो संसार मिठो ममताले बानेको

बाहिर जागिरमा जानु नै हुन्न भन्छन्
धेरैको नारी परिवारमा दासी नै बन्छन्
सचेत नभएर हिंसा बेहोर्नु परेको छ नारीले
घरमै बस्नु पर्ने बाध्यता छ घुम्टो ओडेर सारीले

महिला हिंसा विरुद्ध ज्ञान छरौं
समान हकको लागि केहि गरौ
महिलाहरु हिंसामा नपर्नु
खराब काम कसैले नगर्नु

नारी उठौ जागौ गाउ बस्तीबाट उठौ
अन्याय र नारी हिंसा अन्त्य गर्न जुटौं
समाजमा नारी हिंसा सधैं हुन्छ बलात्कार
राष्ट्रिय नारी हुँदा रोक्न लागौं लगातार

एकै तराजुमा तौल जोखिएको थियो
महिला भन्दा पुरुषलाई मान दियो
नरनारीले चलाएको यो हाम्रो सार
सबै मिलेर महिला हिंसा गरौ पार !!

## असफल मान्छे



**शम्भु ठाकुर**
मिथिला नगर पालिका-९
बेङगाडावर

असफल मान्छे पनि
सपनाको प्यारमा छ ।
सपना लाई लाग्दो हो,
आफू कारागर मा छ ।
किनारको त्यो बूढो माझिले
ग्राहक कुरे झै ।
मृत्यु जीवन भर
मान्छेको इन्तजारमा छ।

उ पसलको गुडिया तान्छे,
म उसलाई तान्छु ।
खल्ती रितो छ, छोरी को खुशी बजारमा छ ।
देश छोडु या देश मै बसु म दोधारमा छु ।
लाग्छ यो चौकको सालिक पनि दोधारमा छ ।

यो दिलमा कसै को बचन परेको छ ।
यस्तो लाग्छ सिसा माथी घन परेको छ।
जसले पुरानै कपडा मा जिन्दगी काटियो
आज उसको शरीरमा कफन परेको छ ।

भनौ कि नभनौ म सारै दोधारमा छु ।
यो भिडको एउटा मान्छे खुब मन परेको छ ।
सपना ले यति सम्म थिचेको छ मलाई,
हरेक रात जिन्दगी अइठन मा परेको छ।

भनौ पिर लाग्छ नभनौ पिर लाग्छ,
यो देशको कलेजिमा सधै तिर लाग्छ ।
हेर्न त जुन हेरेको हो
फुल हेरेको हो,
किन जे देखे पनि तिम्रै तस्विर लाग्छ।
सायद यो देश को नया नियम कानुन हो,
बलत्कारी हत्यारा लाई फुल माला अबिर लाग्छ।।

## मृत्युमा विभेद

मृत्युमा पनि विभेद राज्यको
जनतालाइ यस्तो किन गरेको ?!
जहाज चड्ने थिय धनी अठार
किने टिकट तिरे दस- पाच हजार !!
बसमा पनि थिय साठी- पैसट्ठी सबार
टिकट किने सयमा छैन गोजिमा हजार !!
बस दुर्घट्नामा बोल्थ्यो सरकारले
सबैलाइ उद्दार गर्नु भनी आदेशले !!
बस दुर्घट्ना नै थियो भयो नौ-दस दिन
प्लेन पनि त तेस्तै भयो,भयो मात्रै एक दिन !!
प्लेन दुर्घट्नामा अठार जना परेका
दुई हजार एकासी साउन नौ गतेमा !!
तिथि थियो दस गते भोलिपल्टको
तिनकै नाममा आधा झण्डा झुकाको !!
आधा झण्डा झुकाउने शोक मान्ने सबैले
यस्तो निर्णय गराइ दियो प्लेन दुर्घट्नाले !!
यस्तो निर्णय गराइ दियो प्लेन दुर्घट्नाले !!!

**युबराज पौडेल ( सानुराज शर्मा)**
खोटाङ्ग सल्ले
हाल :- बर्दिबास



# स:मिलका सञ्चालक विरुद्ध अदालतमा मुद्दा दायर



**विजयकुमार साह**

**साउन १८ गते, ढल्केवर**

डिभिजन वन कार्यालय धनुषाले अवैधरुपमा वन पैदावर गरेको अभियोगमा स:मिलका सञ्चालक विरुद्ध अदालतमा मुद्दा दायर गरेको छ।

धनुषाको धनुषाधाम नगर पालिका -८, मुलाबारीमा रहेको नायक स:मिल तथा फर्निचर उद्योगका सञ्चालक चन्द्रकला देवी र उहाँको पति बालकिशोर नायक विरुद्ध मुद्दा दायर गरेको हो।

नायक स:मिल तथा फर्निचर उद्योगमबाट अवैध सालको काठ बरामद भएपछि त्यसका सञ्चालक विरुद्ध जिल्ला अदालत धनुषामा मुद्दा दायर गरिएको बताउनुभयो।

चारनाथ सवडिभिजन वन कार्यालयबाट खटिएको गस्ती टोलीले सो स:मिलबाट १६१.७४ क्यूफिट सालको काठ बरामद गरेको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार स:मिलबाट बरामद सालको काठ १६१ क्यूफिट छ। सो काठलाई गोलियामा परिणत गर्दा २२६ क्यूफिट हुन्छ। जसको मुख्य दुई लाख ८१ हजार ६४९ रुपिया मूल्य कायम गरिएको छ।

डिभिजन वन कार्यालयले बरामद गरेको सो काठ जफत र कसुर बमोजिम स:मिलका सञ्चालकमाथि सजायको माग गरेको छ। वन कर्मचारीले २०८० कात्तिक ३० गते काठ बरामद गरेको थियो। काठ बरामद भएको झण्डै आठ महिनापछि मुद्दा दायर भएको छ। दायर मुद्दामा प्रतिवादी बनाइएका दुई जना फरार रहेको उल्लेख गरिएको छ।

# उद्योगको प्रमुख समस्या अनियमित विद्युत

**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, जनकपुरधाम**

मुख्यमन्त्री सतिश कुमार सिंहले मधेश प्रदेशको उद्योग तथा व्यवसायमा देखिएको समस्याबारे सरोकारवालासँग विमर्श गरेका छन्।



जनकपुर उद्योग वाणिज्य संघका पदाधिकारी तथा प्रदेशका उद्योगीहरुसँग शुक्रबार मधेश भवनमा बसेर मुख्यमन्त्री सिंहले समस्या समाधानका लागि छलफल गरेका हुन्।

छलफलमा जनकपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्षद्वय ई. प्रकाश चन्द्र साह र निर्मल चौधरी, वर्तमान अध्यक्ष जितेन्द्र महासेठ, वरिष्ठ उपाध्यक्ष मनिष रमण साह, महासचिव मनोज साह, कोषाध्यक्ष परमेश्वर साह लगायत पदाधिकारीहरु सहभागी थिए।

वरिष्ठ उपाध्यक्ष मनिष रमणले मधेश प्रदेशको उद्योग र व्यवसायमा सबैभन्दा ठूलो समस्या विद्युत आपुर्तीमा अनियमितता रहेको बताए। 'मधेश प्रदेशको उद्योगमा समस्याको कुरा गर्दा सबैभन्दा ठूलो समस्या विद्युतको छ। अहिले हामी यो बैठकमै बसिर हेको बेला कति पटक विद्युत आउने जाने भइरहेको छ। खासगरी साना उद्योगीहरु विद्युतको समस्याले निकै तनाव झेल्नुपर्ने अवस्था छ' वरिष्ठ उपाध्यक्ष साहले भने।

साहले विद्युतको समस्याबारे प्रमुख जिल्ला अधिकारीमार्फत विद्युत कार्यालयका प्रमुखसँग पनि कुरा गरेका छन्। तत्काल यो समस्या समाधानका लागि चौतर्फी पहलमा लागेको र अबको पाँदेखि सातदिन भित्र समस्या समाधान हुने आश्वासन आएको उनले बताए।

## छात्रवृत्ति फाराम भर्नेसम्बन्धी सूचना

**"स्वास्थ्य-शिक्षा र समृद्धि हामी सबैको चाहना"** भन्ने मूल नाराका साथ होटल विनायक प्रा.लि. बर्दिवासद्वारा स्थापित "पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान"ले बर्दिवास नगरपालिका भित्रका गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि तपसिलका विद्यालयहरुमा नि:शुल्क रुपमा तपसिलका संख्यामा छात्रवृत्ति प्रदान गरिने भएकोले यहि मिति २०८१ साउन १३ गतेभित्र आफूले अध्ययन गर्ने शिक्षालय वा होटल विनायकको कार्यालयमा गई आवेदन फर्म भर्न आह्वान गरिन्छ।

| क्र.सं. | विषय | संख्या-६ जना | विद्यालय |
|---|---|---|---|
| १. | डिप्लोमा सिभिल ईन्जिनियरिङ<br>विज्ञान, कम्प्युटर साईन्स | १ जना<br>१ जना | श्री जनहित नन्दलाल मा.वि. चौलिखा<br>श्री जनहित नन्दलाल मा.वि. चौलिखा |
| २. | रेडिया ग्राफि-१, फार्मेसि-१,<br>होटल म्यानेजमेन्ट-३ र फुड एण्ड डेरी-१ | जम्मा फयाकल्टीगत-१ का दरले जम्मा-६ जना | निर्मल लामा नमूना बहुप्राविधिक शिक्षालय, खयरमारा |
| ३. | बालि विज्ञान<br>पशु विज्ञान | १ जना<br>१ जना | श्री जनता मा.वि.गौरिडाडा<br>श्री जनता मा.वि.गौरिडाडा |
| ४. | फरेष्ट्री<br>नापी सर्वे | १ जना<br>१ जना | श्री देउराली मा.वि. बर्दिवास<br>श्री देउराली मा.वि. बर्दिवास |
| ५. | प्रि-डिप्लोमा इन कम्प्युटर ईन्जिनियरिङ | १ जना | श्री रा.मा.वि. पशुपतिनाथ बनरझुल्ला |
| ६. | डिप्लोमा इन कम्प्युटर साइन्स | १ जना | श्री जनता मा.वि. डाँडाटोल बिजलपुरा |

**पुनश्च:** छात्रवृत्ति प्राप्तिको लागि सम्बन्धित विद्यालयको प्रवेश परीक्षा अनिवार्य रुपले तथा प्रतिष्ठानको छनौट परीक्षा उत्तिर्ण गरेको हुनु पर्ने छ।

सम्पर्क :

**पदम शम्सेर खड्का स्मृति प्रतिष्ठान**

बर्दिवास-१, महोत्तरी

सम्पर्क नं. ९८४४०४५७४२, ९८०१९६०७९५, ९८५४०२०१०५


# महोत्तरी जिल्ला मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य अत्याधुनिक प्रविधि सहितको सेवासुविधाको अस्पताल संचालन भईरहेको छ।

**हाम्रा सेवाहरु:**

**सिटिस्काल, लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**




# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाडीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी, आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।

# हाम्रो माया घर निर्माणार्थ माहायज्ञलाई मध्यनजर गर्दै मधेश प्रदेश सरकार द्धारा दुई वटा घुम्ती शौचालय प्रदान

**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, बर्दिवास**



मधेश प्रदेश सरकारको उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालयले बर्दिवास नगरपालिकाको लागि २ वटा घुम्ती सौचालय प्रदान गरेको छ।

हाम्रो माया घर निर्माणार्थ २१ गतेदेखि २९ गतेसम्म आयोजना हुने शिव पुराण माहायज्ञलाई मध्यनजर गर्दै शुक्रवार होटल तथा पर्यटन व्यवसायी माहासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमलाई उक्त शौचालय हस्तान्तरण गरेको हो ।

६-६ कोठा भएको घुम्ती शौचालय शुक्रवार नै बर्दिवास ल्याईएको छ। सार्वजनिक शौचालयको आवश्यक्ता महसुस भैइरहेको वेला पर्यटन व्यवसायी संघको पहलमा उपलब्ध भएको उक्त शौचालयले सार्वजनिक शौचालयको आवश्यक्तालाई परिपुर्ती गर्ने बिश्वास लिइएको छ ।

'अब नगरपालिकाले कार्यविधी वनाएर यो शौचालय संचालनमा ल्याउनुपर्छ। 'बर्दिवास संस्कृति तथा पर्यटन वोर्डका अध्यक्ष समेत रहेका गौतमले भने। 'यो माहायज्ञ अवधिभर संचालनमा ल्याईनेछ । नगरपालिकासगँ यसअघि नै मन्त्रालयले सम्झौता गरिसकेको छ।'

# कक्षा १२ को परीक्षामा ५२ प्रतिशत विद्यार्थी उत्तीर्ण




**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, बर्दिवास**

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ।

नतिजा अनुसार ५२.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। नियमिततर्फ तीन लाख ८५ हजार ६३२ सहभागी मध्ये दुई लाख ३ हजार ८४७ जना उत्तीर्ण भएका छन्।

त्यस्तै ग्रेडवृद्धितर्फ २०७८ र २०७९ सालको परीक्षार्थीमध्ये २८.२६ प्रतिशत उत्तीर्ण भएका छन् । ९२ हजार ५०९ सहभागीमध्ये २५ हजार ४३६ जना उत्तीर्ण भएका हुन्। २० जनाको परीक्षा रद्द भएको छ।

२०७६ र २०७७ सालको ६२.५ प्रतिशत उत्तीर्ण भएका छन्। ८ हजार १४७ सहभागी परीक्षार्थीमध्ये एक हजार ९५३ जना उत्तीर्ण भएका हुन्।

कुल ४ लाख ७८ हजार ३८९ परीक्षार्थीमध्ये २ लाख ३१ हजार २३५ जना उत्तीर्ण भएका छन्।




जनहितमा जारी सन्देश !!!

कामका लागि विदेश जाँदा ध्यान दिनुपर्ने कुराः

वैदेशिक रोजगारको यात्रालाई सुरक्षित र सुखद बनाउन कामदार आफैं सचेत हुनुपर्छ। दलालको फन्दामा परेर ठगिने सम्भावनालाई कम गर्न पनि त्यय विषयमा सचेतना र जागरण आवश्यक छ। श्रम स्वीकृतिका लागि पेस गरिने कागजातहरू झुटा हुने समस्याले वैदेशिक रोजगारीमा जानेहरू राम्रो काम र तलब सुविधा नपाई मर्कामा पर्नै सक्छन्। यसकारण विदेशी भूमिमा विभिन्न पीडा खेप्नुपर्ने, स्वदेश फर्कन कठिन हुने, कतिपय अवस्थामा जेल-सजाय समेत भोग्नुपर्ने र ज्यान समेत गुमाउनुपर्नेसम्म हुनसक्छ। त्यसैले रोजगारमा जाने व्यक्तिले आफ्नो विदेश यात्राबारे यस्ता कुरामा कुरामा ध्यान दिनैपर्छ।

१. नहतारिनुस, सीप सिक्नुस्
२. विदेश जान वैधानिक संस्था समात्नुस्।
३. काम, सुविधा र लागतबारे जानकार हुनुस्
४.आफु जाने देशबारे जानकारी राख्नुस्
५. श्रम, भिसा र पासपोर्टबारे सचेत हुनुस्
६. बीमा गराउनुस्
७. अभिमुखीकरणमा सहभागी हुनुस्
८. कागजात सुरक्षित राख्नुस्
९. विदेशी बाटोबाट नजानुस्
१०.सूचना लिनुस्-दिनुस्

श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश
जनकपुरधाम, धनुषा







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,